नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-११९ दायर मितिः-२०८१/०६/०९**

**फैसला मितिः-२०८१/०६/०९**

**वादी**

**बीरगंज महानगरपालिकाको पत्र जाहेरीले**

**नेपाल सरकार.........................१**

**प्रतिवादी**

**भारत वेस्ट बंगाल राज्य जिल्ला नदिया थाना धानतल्ला ग्राम पञ्चायत सिक्री वडा नं.२ वस्ने परिमल मल्लिकको छोरा वर्ष ३० को संजय मल्लिक .........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले महानगरबाट खटिएका कर्मचारीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले महानगरबाट खटिएका कर्मचारीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले महानगरबाट खटिएका कर्मचारीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. महानगरबाट खटिएका कर्मचारीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका संजय मेस्तर समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा बिगत २/३ महिना पहिलादेखि संजय मल्लिकले बीरगंज महानगरको शहरी क्षेत्रमा भारत बिहार राज्यको कौडिहार चौक रक्सौल हेल्थ दावाखानाको डा.वी कुमारको प्रचार प्रसारको लागी बिभिन्न पोष्टरहरु टास्दै आई शहरलाई फोहरमय बनाएकोले निजलाई पटक पटक पोष्टर नटास्नु भनी सम्झाउँदै आएकोमा मिति २०८१।०५।२३ गते अ.१७ः३० बजेको समयमा समेत यस महानगरबाट खटिएका कर्मचारीहरुले प्रतिवादी संजय मल्लिकलाई पोष्टर नटास्नु भनी सम्झाउँदा निजले उल्टै बिभिन्न अपशब्द प्रयोग गरी धाक धम्की दिदैं गाली गलौज गरी अभद्र व्यवहार भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी संजय मल्लिकलाई कैद दिन १७ र जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी संजय मल्लिकलाई ठहरेको कैद दिन १७ को हकमा निज मिति २०८१/०५/२३ देखि २०८१/०६/०८ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.१००००/- असुल उपर गर्नु---१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ असोज महिना ९ गते बुधवार रोज ४/ ने.सं. ११४४ जंलागा अष्ठमी, शुभम् ........